प्रेस विज्ञप्ती

काठमाण्डौ, १४, श्रावण २०७८

जापान सरकारको गरिबी निवारणको लागि जापान कोष अन्तर्गत एशियाली विकास बैंकवाट व्यवस्थापन हुने गरी विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को प्रभावलाई सम्बोधन गर्न Prevention and Control of COVID-19 through WASH and Health Initiatives in Secondary and Small Towns आयोजना कार्यान्वयनको लागि अनुदान स्वरुप नेपाल सरकारलाई ५ मिलियन अमेरीकी डलर (करिब ५९ करोड ३५ लाख ५० हजार) अनुदान सहायता उपलव्ध गराउने गरी सम्झौता पत्रमा आज भर्चुअल माध्यमबाट हस्ताक्षर सम्पन्न भएको छ।

उक्त अनुदान सहायताको सम्झौता पत्रमा नेपाल सरकारको तर्फबाट अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालयका सह सचिव श्री धनिराम शर्मा र एशियाली विकास बैंकको तर्फबाट नेपाल स्थित एशियाली विकास बैंकका देशीय निर्देशक श्री आरनौड काउचोईसले हस्ताक्षर गर्नु भएको छ। सो कार्यक्रममा जापान अन्तर्राष्ट्रिय विकास सहयोग नियोगका पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।

उक्त हस्ताक्षर कार्यक्रममा सह सचिव श्री धनिराम शर्माले कोभिड १९ को प्रभाव नियन्त्रण तथा रोकथाम गर्न स्थानीय सरकारको क्षमता विकासको क्षेत्रमा नेपाल सरकारलाई गरेको सहयोग प्रति जापान सरकार तथा एशियाली विकास बैंककलाई धन्यवाद व्यक्त गर्दै उक्त कार्यक्रमले स्थानीय तहको सार्वजनिक स्वास्थ प्रणाली सबलीकरण गर्ने सरकारको योजना कार्यान्वयन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

त्यसैगरी एशियाली विकास बैंकका नेपालस्थित देशीय निर्देशक श्री आरनौड काउचोईसले कोभिड १९ को महामारीको संकटको यस घडीमा एशियाली विकास बैंकले नजिक रहेर नेपाल सरकारलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै यस कार्यक्रमले स्थानीय स्तरमा कोभिड १९ महामारीको असर न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

जापान सरकारको गरिबी निवारणको लागि जापान कोषबाट अनुदान स्वरुप एशियाली विकास बैंकवाट व्यवस्थापन हुने गरी प्राप्त अनुदान सहायताबाट ज्वरो मापन गर्ने क्लिनिक (Fever Clinic) तथा अक्सिजन सम्बन्धी उपकरण सहितको बहुउपयोगी सामुदायिक केन्द्र (Community Shelter) निर्माण गर्ने, छनौट भएका स्थानीय तहमा हेल्प डेक्स एवं मोबाईल ट्वाईलेटको स्थापना गर्ने लगायतका कार्यक्रम हरु रहेकोले सो कार्यक्रमबाट विशेषत: गरिब र कमजोर वर्गमा पर्न जाने महामारीको प्रतिकूल प्रभावहरु कम गर्न सरकारलाई सहयोग पुग्ने विश्वास लिईएको छ ।

अर्थ मन्त्रालय
सिंहदरवार